*नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभा एवं उद्योग–वाणिज्य दिवसको समुद्घाटन समारोहमा वरिष्ठ उपाध्यक्ष श्री सुरज वैद्यबाट धन्यवाद मन्तव्य ।*

१. नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको हाम्रो निमन्त्रणालाई स्वीकार गर्नु भई समुद्घाटन समारोहमा पाल्नु हुने अतिथिगणमा महासंघ तथा आफ्नो तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्दछु ।

२. आफनो अति व्यस्तताको वावजुद यस वार्षिक साधारण सभामा पहिलो पटक पाएकोमा र सम्माननीय प्रधानमन्त्रीज्यूको ओजपूर्ण सम्बोधनको लागि म निजी क्षोत्रको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु ।

३. महासंघका अध्यक्षज्यूको स्वागत भाषणमा देशमा विद्यमान अर्थ, उद्योग व्यवसायको बस्तुस्थिति, समस्या र मन्दिका कारण श्रृजना भएको चुनौती र निजी क्षेत्रले गर्दै आएका प्रयासका बिषयमा उल्लेख भैसकेकै छ। सो सम्वधमा थप पुष्टाई संक्षिप्त रुपमा राख्ने अनुमती चाहान्छु ।

४. देशमा राजनितिक र आर्थिक क्षेत्रको विकास संगसंगै अघि बढाउनु पर्नेमा Economic Agenda संधै पछाडी पर्दै गएका कारण पनि नेपालको आर्थिक विकासले गति लिन नसकेको प्रष्टै छ।

५. Forbes को हालैको अध्ययन अनुसार विश्व मानचित्रमा नेपालको आर्थिक एवं व्यवसायिक वातावरणको अवस्था गत वर्ष भन्दा २५ औ स्थानले घटेको देखाउछ, जस अनुसार नेपाल व्यापार स्वतन्त्रतामा ११३ औं, कर्मचारीतन्त्र (Red Tapism) मा ७९ औं, सम्पत्तिको अधिकारमा ९५ औं, लगानीको संरक्षणमा ४८ औं, करको भार (Tax Burden) मा ७१ औं, भ्रष्टाचारमा ९६ औं स्थानमा रहेको देखाएको छ।

६. सो मा सुधार गरी अनुकूल औद्योगिक र व्यवसायिक वातावरण सिर्जना नगरेसम्म आर्थिक विकास, रोजगारी प्रबर्द्धन र गरिवी निवारण हुन सक्दैन। सो सृजना गर्न सरकार, निजी क्षेत्र तथा सबै सरोकारवालाको पहल अपरिहार्य छ र यो अभियानमा सरकार संग हातेमालो गर्न निजी क्षेत्र सदाझै तत्पर रहेको व्यहोरा निवेदन गर्न चाहान्छु।

७. अन्तमा,यस वार्षिक साधारण सभाको अवसरमा विभिन्न विधामा कदर/सम्मान प्राप्त गर्न सफल महासंघका सदस्य संघ/संस्थाहरुमा उहांहरुको सहभागिताका लागि आभार व्यक्त गर्दै हार्दिक बधाई सहित अझ बढी सफलताको कामना गर्दछु।

८. साथै आफ्नो अति व्यस्तताका बावजूद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यहां पाल्नु भएका सम्माननीय प्रधानमन्त्रीज्यूमा समस्त नेपाली उद्योगी व्यापारी व्यवसायीहरुको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

९. त्यस्तै हाम्रा मान्यवर अतिथिज्यूहरु, माननीय मन्त्रीज्यूहरु, संविधान सभाका माननीय सदस्यज्यूहरु, सम्बैधानिक अंगका प्रमुखज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु, नेपाल सरकारका वरिष्ठ अधिकृतज्यूहरु, पत्रकार मित्रहरु एवं अन्य विशिष्ठ अतिथिगणहरुमा महासंघको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। साथै समस्त सहयात्री उद्योगी व्यापारी व्यवसायी मित्रहरु र यस समारोहलाई सफल पार्न संलग्न सवै सरोकारवाला र महासंघका कर्मचारीहरु सबैमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

चैत्र २८,२०६५